श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनुपर्छ।

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "सदस्य र सदस्य-सचिव" भन्नाले कोषको सदस्य सम्झनुपर्छ ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. कोषको स्थापनाः (१) श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(३) कोषको सबै काम कारवाईको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच-बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(५) कोषले व्यक्ति सरह नालिस उजूर गर्न र कोषउपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

४. संरक्षकः श्री ५ महाराजाधिराज कोषको संरक्षक होइबक्सनेछ ।

५. सञ्चालक समितिको गठनः कोषको सम्पूर्ण काम कारवाईको सञ्चालन तथा रेखदेख गर्न देहायबमोजिमको सञ्चालक समिति गठन हुनेछः—

(क) संरक्षकबाट मनोनीत व्यक्ति एक जना — अध्यक्ष

(ख) अध्यक्षबाट मनोनीत श्री ५ को सरकारको सचिवहरूमध्येबाट तीन जना — सदस्य

(ग) अध्यक्षबाट मनोनीत श्री ५ को सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधि-हरूमध्येबाट तीन जना — सदस्य

(घ) अध्यक्षबाट मनोनीत अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्ति-हरूमध्येबाट चार जना — सदस्य

(ङ) अध्यक्षबाट मनोनीत कोषको लागि उपयुक्त ठानेका व्यक्तिहरू तीन जना — सदस्य

(च) अध्यक्षबाट मनोनीत व्यक्ति एक जना — सदस्य-सचिव

६. पदावधिः (१) अध्यक्ष तथा सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

(२) अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएपछि निजहरू दफा ५ बमोजिम पुनः मनोनीत हुन सक्नेछन् ।

(३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ५ बमोजिम अध्यक्ष वा सदस्य मनोनीत हुनेछ ।

383

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अध्यक्ष वा सदस्यले आफ्नो पद त्याग गर्न चाहेमा अध्यक्षले कोषको संरक्षक-समक्ष र सदस्यले अध्यक्षसमक्ष राजीनामा पेश गर्नु पर्नेछ र राजीनामा स्वीकार भएपछि आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(५) आफ्नो कर्तव्य सुचारु रूपले पालन नगर्ने सदस्यलाई अध्यक्षबाट जुनसुकै बखतमा हटाउन सक्नेछ ।

७. पारिश्रमिकः समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू तोकिएबमोजिम हुनेछ ।

८. समितिको बैठकः (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउनेछ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको कुनै सदस्यले अध्यक्षता गर्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नुभन्दा साधारणतया एक महीनाअगावै दिनु पर्नेछ ।

(३) ६ जना सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) साधारणतया समितिको बैठक वर्षको एक पटक बस्नेछ ।

(६) बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकमा अपनाइने अन्य कार्यविधि समितिले आफै व्यवस्थित गर्न सक्नेछ ।

९. कोषको काम र कर्तव्यः कोषको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) वन्य जन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने,

(ग) वन्य जन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

१०. कोषको अधिकारः कोषको अधिकार देहायबमोजिम हुनेछः–

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

(ख) वन्य जन्तु तथा अन्य प्राकृतिक सम्पदासंग सम्बन्धित विदेशी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क राख्ने ।

(ग) विदेशी संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामार्फत चन्दा सङ्कलन गर्ने गराउने ।

(घ) कोषको हितको लागि अन्य आवश्यक काम गर्ने ।

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. उपसमिति गठन गर्न सक्ने: (१) कोषले आफ्नो काम कारवाईको निमित्त आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. कोष: (१) कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारले प्रदान गरेको रकम,
(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(ग) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै बैङ्कमा कोषको नाउँमा जम्मा गरिनेछ ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण: (१) कोषको आय-व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा कोषको हिसाब किताबसम्बन्धी कागजात र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१४. मुद्दा हेर्ने अधिकारी: कोष वादी वा प्रतिवादी भएको कुनै मुद्दा वा यो ऐन अन्तर्गतको कुनै मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ ।

१५. अधिकार प्रत्यायोजन: समितिले आफ्नो केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिको परामर्श लिई श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१७. विनियम बनाउने अधिकार: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी कोषले आवश्यक विनियमहरू बनाउन सक्नेछ र त्यस्तो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८. श्री ५ को सरकारसंग सम्पर्क: कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागमार्फत राख्नेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति:– २०३६।७।३।४ ३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।